राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

प्रतिदिन १८ औं वार्षिकोत्सव




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१८ । । अङ्क : ०२९ ॥ २०८२ फागुन १६ गते शनिबार (28th Feb 2026 Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-


# अझै चुनाव केन्द्रित बैंक खाता नखोल्ने झापाका १७ उम्मेदवार

झापा, फागुन १५ । झापाका १७ जना उम्मेदवारहरुले अझै चुनाव केन्द्रित बैंक खाता खोलेका छैनन् । फागुन २१ गतेको निर्वाचन आउनै लाग्दा झापाका ५ निर्वाचन क्षेत्रका ९० जना उम्मेदवारमध्ये हालसम्म ७३ जनाले मात्र चुनाव केन्द्रित बैंक खाता खोलेका छन् ।




निर्वाचन आयोगले उम्मेदवारले निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थाबाहेक अन्य माध्यमबाट खर्च गर्न, गराउन नहुने भनी राजनीतिक दललाई निर्देशन दिएको थियो । निर्वाचन आचारसंहितामै उक्त विषय उल्लेख गरिए पनि १७ जना उम्मेदवारले अझै बैंक खाता नखोलेका हुन् ।

दिनका दिन ताकेता गरिरहेपनि शुक्रवारसम्म ७३ जनाले मात्र बैंक खाता खोलेको झापाका निर्वाचन अधिकारी तुलसीकुमार नेपालले जानकारी दिए । उनले ठूला दलका उम्मेदवारहरुले बैंक खाता खोलिसकेको बताउँदै साना दल र स्वतन्त्र उम्मेदवारहरुले खोल्न बाँकी रहेको जानकारी दिए ।

बैंक खाता खोल्न अटेर गर्नेहरुमा झापा क्षेत्र नं १ मा नेपाल मजदुर किसान पार्टीका हिरण्यप्रसाद भट्टराई,नेपाल जनमुक्ति पार्टीका खान्दु करुवा ,उज्यालो नेपाल पार्टीका नरेशकुमार लावती ,स्वतन्त्र उम्मेदवार गणेशकुमार खरेल , झापा क्षेत्र नं २ मा नेपाल मजदुर किसान पार्टीकी चन्द्रकुमारी गारु,नेपाल जनमुक्ति पार्टीका मानबहादुर पुलामी मगर , झापा क्षेत्र नं ३ मा नेपाल मजदुर किसान पार्टीकी धर्म लक्ष्मी दुवाल (लघु) , झापा क्षेत्र नं ४ मा नेपाल मजदुर किसान पार्टीकी तुल्सी लक्ष्मी दुमरु (बाटी) ,नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल)का टेकबहादुर अधिकारी,स्वतन्त्र उम्मेदवार साजन माझी ,श्रम संस्कृति पार्टीकी अमृतादेवी राई , झापा क्षेत्र नं ५ मा स्वतन्त्र उम्मेदवारहरु डम्वर शाहु ,खेमनाथ शिवाकोटी ,शोभा भण्डारी ,प्रकाश नेपाल ,विपुल गुरागाई र पुस्कर खतिवडा रहेका छन् ।

निर्वाचन आयोगले चुनाव केन्द्रित आर्थिक कारोबार गर्न छुट्टै बैंक खाता खोल्न राजनीतिक दल र उम्मेदवारलाई भनेको छ । निर्वाचन आचारसंहितामा नै यस्तो प्रावधान छ ।

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार हालसम्म ११ दलले मात्रै चुनाव केन्द्रित खाता खोलेका छन् ।

नखोल्नेलाई के हुन्छ ? भन्ने पत्रकारको प्रश्नमा भट्टराईले भने, 'खाता खोल्ने क्रम जारी छ । कसैले साँच्चै खर्च नगर्नेको हकमा केही भएन । अन्यथा बाहिरबाट खर्च गरेको पाइए निर्वाचन आयोगले आवश्यक निर्णय लिन्छ । '

अर्थात खाता नखोली खर्च गर्नेलाई कारबाही हुने भट्टराईको चेतावनी छ ।

प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ ६७ र समानुपातिक तर्फ ६३ दल चुनावमा सहभागी छन् । यसमध्ये ११ दलले मात्रै चुनाव केन्द्रित बैंक खाता खोलेका छन् । बाँकी ५६ दलले छुट्टै बैंक खाता खोलेका छैनन् ।

# झापामा बालेन अंकित ३२३ वटा टि-सर्ट जफत

झापा, फागुन १५ । होलीका लागि बिक्री गर्न राखिएको निर्वाचनलाई प्रभावित पार्ने खालका बालेन अंकित ३२३ वटा टि-सर्ट प्रहरीले जफत गरेको छ । बिहीवार २६२ वटा बरामद गरिएकोमा शुक्रवार थप ६१ वटा टि-सर्ट बरामद गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । शुक्रवार दमक क्षेत्रबाट ६१ वटा टि-सर्ट बरामद गरिएको सूचना अधिकारी डीएसपी खगेन्द्रबहादुर खड्काले जानकारी दिए । शुक्रवार बिर्तामोड , मेचीनगर , दमक र बुद्धशान्ति क्षेत्रका पसलबाट ती टि-सर्ट बरामद गरी जफत गरिएका थिए ।



शुक्रवार दिउँसो बिर्तामोडबाट सबैभन्दा बढी १५५ वटा टि-सर्ट बरामद भएको थियो ।

दिउँसो ३;१५बजे बिर्तामोड ५कृषिथोक चोक छेउबाट इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी निरीक्षक रुपेश राईको नेतृत्वमा खटिएको टोलीले होलीलाई लक्षित गरी राखिएको"अब कि बार, बालेन सरकार", "यसपालिको होली बालेनसँग"लेखिएको टि-सर्टहरु ८७ थान जफत गरेको थियो । सोनु चौधरीले संचालन गरेको सनाया कलेक्सनबाट २८थान,गुण्डु साहले संचालन गरेको दुर्गा इन्टरप्राईजेजबाट १४थान,पुजा साहले संचालन गरेको निकिता भेराइटिजबाट ४१थान,बिनोद साहले संचालन गरेको मामा कलेक्सनबाट ४थान टिसर्ट बरामद भएको थियो ।

त्यसपछि दिउँसो ४.३० बजे प्रहरी चौकी बिर्ताबजारबाट प्रहरी सहायक निरीक्षक सुशान्त पौडेलको कमाण्डमा खटिएको टोलीले बिर्ताबजार हाटका ५वटा पसलबाट ६८थान टि-सर्ट बरामद गरेको थियो । बिर्तामोड ५बस्ने अरुण साहको पसलबाट ५७ थान , बिर्तामोड ३बस्ने गणेश दत्तको पसलबाट ४ थान , सोही ठाउँ बस्ने अभि दत्तको पसलबाट २ थान ,रंजित महतोको पसलबाट ४थान र रणकुमार साहको पसलबाट १थान टि-सर्ट बरामद भएको हो ।

त्यस्तै मेचीनगर ६काँकरभिट्टास्थित बजार क्षेत्रमा इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी निरीक्षक बीरेन्द्र कोईरालाको टोलीले ४३ थान टि-सर्ट बरामद गरेको थियो । मेचीनगर ६स्थित खनाल स्टोर्सबाट ३३ थान , मेचीनगर ६स्थित छिरीङ स्टोरबाट १० थान , मेचीनगर ६ स्थित मंगल स्टोरबाट ४ थान टि-सर्ट बरामद भएको हो ।

त्यस्तै मेचीनगर -१० धुलाबारी बजारमा इलाका प्रहरी कार्यालय धुलाबारीबाट प्रहरी निरीक्षक नकुलराज गौतमको कमाण्डमा खटिएको टोलीले १७थान टि-सर्ट जफत गरेको छ ।

त्यस्तै दमक १ नगरपालिका छेउबाट इलाका प्रहरी कार्यालय दमकबाट खटिएको टोलीले सन्तोषकुमार साहले संचालन गरेको सन्तोष रेडिमेड पसलबाट २० थान र दमक ६स्थित पूर्णप्रसाद भण्डारीले संचालन गरेको कृष्ण भेराईटीबाट एक थान गरी २१ थान टि-सर्ट जफत गरेको थियो । त्यस्तै बुद्धशान्ति वडा न.-३ बुधबारे बजारमा इलाका प्रहरी कार्यालय बुधबारेबाट प्रहरी नायव निरीक्षक चन्द्रबहादुर राउतको कमाण्डमा खटिएको टोलीले २६ थान टि-सर्ट बरामद गरेको थियो ।

# सुनसान बन्यो धनकुटाको मुख्यमन्त्री सम्पर्क कार्यालय

धनकुटा । धनकुटामा स्थापना गरिएको मुख्यमन्त्रीको सम्पर्क कार्यालय सुनसान बनेको छ । तत्कालीन मुख्यमन्त्री शेरधन राईले खोलेको कार्यालय सुनसान बनेको हो । त्यहाँ बस्ने कोही नभएपछि वातानुकुलित कार्यकक्ष, क्याबिनेट हल, टेबल-कुर्सी खेर गएका छन् । कार्यालयका ढोका अधिकांश समय बन्द हुन्छन् ।




राजनीतिक पदाधिकारी र कर्मचारी उपस्थित नहुँदा सेवाग्राहीको चहलपहल शून्य हुन्छ । २०७६ वैशाखमा तत्कालीन मुख्यमन्त्री राईले कार्यालय उद्घाटन गरेका थिए । पुरानो क्षेत्रीय विराटनगरलाई प्रदेश राजधानी बनाउने निर्णयको विरोधपछि त्यहाँका बासिन्दाको असन्तुष्टि कम गर्न पुरानो प्रशासन भवनमा कार्यालय खोलिएको थियो । त्यसबेला स्थानीयले धनकुटालाई प्रदेश राजधानी बनाउन माग गर्दै आन्दोलन गरेका थिए । प्रदेश सरकारसँग प्रत्यक्ष समन्वय र जनताका गुनासा सुन्ने उद्देश्यले स्थापना गरिएको कार्यालय अहिले बेकामे बनेको छ ।

एक जना कार्यालय सहयोगीको भरमा चलिरहेको छ । अन्य कर्मचारीको उपस्थिति छैन । कोशी प्रदेश स्थापनापछि नियुक्त भएका मुख्यमन्त्रीमध्ये राई मात्र त्यहाँ आएका थिए । त्यसपछि मुख्यमन्त्री बनेका राजेन्द्र राई एक पटक कार्यक्रममा सहभागी हुन कार्यालय आएका थिए । अर्का मुख्यमन्त्री केदार कार्कीले मन्त्रिपरिषद्को बैठक राखेका थिए । तत्कालीन मुख्यमन्त्री उद्धव थापा, भीम आचार्य र वर्तमान मुख्यमन्त्री हिक्मतकुमार कार्कीले कार्यालयमा टेकेका छैनन् ।

कोशी प्रदेशका प्रमुख सचिव राजेन्द्रकुमार पौडेलले सम्पर्क कार्यालय रहेकोबारे सुनेको भए पनि धेरै जानकारी नभएको बताए । 'भवन संरक्षणका लागि मुख्यमन्त्रीको सम्पर्क कार्यालय भनेर राखिएको भन्ने सुनेको छु,' उनले भने, 'साथीहरूले क्वाटर हटाइयो पनि भन्थे । बाटो परेछ भने म छिरौंला ।' उनले सम्पर्क कार्यालयमा रहेको कर्मचारी दरबन्दीबारे पनि जानकारी दिन चाहेनन् ।कार्यालयकी सहयोगीले अहिले आफू एक्लै रहेको र अन्य कर्मचारीबारे जानकारी नभएको बताइन् । मुख्यमन्त्री कार्यालयकी गुनासो सुन्ने अधिकारी रुपा सुनुवारको नाममा रहेको सरकारी नम्बरमा सम्पर्क गर्दा फोन उठेन । मुख्यमन्त्री हिक्मतकुमार कार्कीका प्रेस सल्लाहकार विक्रम लुइटेलले भने कार्यालय सञ्चालन गर्ने विषयमा मुख्यमन्त्रीको चासो रहेको बताए ।

# सात लाखभन्दा बढी सुरक्षाकर्मी परिचालन



काठमाडौँ, फागुन १५ । निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९ का लागि आवश्यक सम्पूर्ण तयारी र तथ्याङ्कीय व्यवस्थापन सम्पन्न गरेको छ । फागुन २१ गते हुने निर्वाचनका लागि मुलुकभर कुल एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता कायम भएका छन् । कुल मतदातामध्ये पुरुषको संख्या ९६ लाख ६३ हजार ३५८ र महिलाको संख्या ९२ लाख ४० हजार १३१ रहेको छ भने अन्य मतदाता २०० जना रहेका छन् ।

पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ कुल तीन हजार ४०६ उम्मेदवार चुनावी मैदानमा छन् । यसमध्ये तीन हजार १७ पुरुष, ३८८ महिला र एक जना अन्य उम्मेदवार रहेका छन् । राजनीतिक दलका तर्फबाट दुई हजार २६३ र स्वतन्त्रतर्फ एक हजार १४३ जनाले उम्मेदवारी दिएका छन् । त्यसैगरी, समानुपातिक निर्वाचन प्रणालीतर्फ कुल तीन हजार १३५ उम्मेदवार रहेका छन्, जसमा एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला रहेका छन् ।

उम्मेदवारहरूको समावेशी विवरणअनुसार सबैभन्दा बढी खस आर्य समूहबाट ३४.५० प्रतिशत उम्मेदवारी परेको छ । त्यसैगरी आदिवासी जनजाति २७.३० प्रतिशत, मधेसी २४.८७ प्रतिशत, दलित ६.७५ प्रतिशत, मुस्लिम ३.९९ प्रतिशत र थारु २.५८ प्रतिशत रहेका छन् । उमेरगत रूपमा प्रत्यक्षतर्फ ४० देखि ४९ वर्ष समूहका उम्मेदवारको संख्या सबैभन्दा बढी एक हजार ७७ रहेको छ ।

निर्वाचन सम्पन्न गर्न मुलुकभर १० हजार ५६७ मतदान स्थल र २३ हजार ११२ मतदान केन्द्र तोकिएका छन् । साथै, एक लाख ४३ हजार अस्थायी मतदान स्थलको समेत व्यवस्था गरिएको छ । निर्वाचनलाई भयरहित बनाउन सात लाखभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ, जसमा नेपाल प्रहरी ७५ हजार ७८७, नेपाली सेना ७८ हजार ७२७ र निर्वाचन प्रहरी (म्यादी) एक लाख ४९ हजार ५० जना रहेका छन् । निर्वाचनमा दुई लाख ४५ हजार कर्मचारी खटिनेछन् भने ४२ ओटा पर्यवेक्षक संस्थाले अनुगमन गर्नेछन् । आयोगका अनुसार पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ ६५ राजनीतिक दल र समानुपातिकतर्फ ६३ दल निर्वाचनमा सहभागी छन् ।

# निर्वाचनमा स्वास्थ्यकर्मी तयारी अवस्थामा राख्न निर्देशन

काठमाडौँ, फागुन १५ । निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि स्वास्थ्यकर्मी र अस्पताललाई तयारी अवस्थामा राख्न निर्देशन दिएको छ ।

आयोगले शुक्रबार एक प्रेस विज्ञप्ति जारी गर्दै मतदानका दिन देशभरका १० हजार ५६७ मतदान स्थल र २३ हजार ५१५ मतदान केन्द्रमा प्राथमिक स्वास्थ्य उपचार सेवा सुनिश्चित गर्न सरकारलाई आग्रह गरेको हो ।




आयोगका अनुसार निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी र मतदान गर्न आउने अपाङ्गता भएका, अशक्त तथा ज्येष्ठ नागरिकहरूका लागि मतदान केन्द्रमै प्राथमिक उपचारको व्यवस्था गरिनेछ ।

आवश्यकता अनुसार थप उपचारका लागि देशभरका अस्पताल र स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी र औषधी तयारी अवस्थामा राख्न गृह मन्त्रालयमार्फत नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई पत्राचार भइसकेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

# वैकल्पिक उम्मेदवारको योजनामा सब-इन्जिनियर यादवको हत्या

सर्लाही, फागुन १५ । सर्लाही सदरमुकाम मलङ्गवास्थित पूर्वाधार विकास कार्यालयमा कार्यरत सब-इन्जिनियर प्रमोदकुमार यादवको गोली हानी हत्या गरिएको घटनामा संलग्न तीन जना अभियुक्त पक्राउ परेका छन्।

सिरहाको सुखीपुर नगरपालिका-९, वैशाखा घर भएका ३६ वर्षीय यादवको हत्यामा संलग्न अभियुक्त र घटनाको सम्बन्धमा सर्लाही प्रहरीले शुक्रबार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो। सब-इन्जिनियर यादवसँगै एक वर्षअघि मधेश प्रदेश लोक सेवा आयोगको परीक्षामा प्रतिस्पर्धा गरेका र वैकल्पिक उम्मेदवारको सूचीमा रहेका व्यक्तिको योजनामा हत्या भएको प्रहरी अनुसन्धानबाट पुष्टि भएको छ।

महोत्तरीको रामगोपालपुर नगरपालिका-५ घर भई सर्लाहीको बरहथवा नगरपालिका-९, शान्ति टोलमा डेरा गरी बस्ने ३४ वर्षीय गणेशकुमार महतोको योजनामा यादवको हत्या भएको प्रहरीले जनाएको छ। मुख्य अभियुक्त महतो सर्लाहीको रामनगर गाउँपालिकामा करारमा प्राविधिक सहायकका रूपमा कार्यरत थिए ।

वि.सं. २०८१ फागुन ४ गते मधेश प्रदेश लोक सेवा आयोगले लिएको सहायक पाँचौं तहको सब-इन्जिनियर पदमा मृतक यादवको नाम निस्किएको थियो। उनको हत्यामा संलग्न महतोको नाम भने वैकल्पिक सूचीमा थियो। नियुक्त भएको उम्मेदवारको एक वर्षभित्र मृत्यु भएमा वैकल्पिक उम्मेदवारको नाम सिफारिस हुने प्रावधान रहेकाले सोही लोभमा परेर महतोले यादवको हत्या गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) योगेन्द्रकुमार खड्काले जानकारी दिए।




सब-इन्जिनियर यादवको फागुन ३ गते मलङ्गवा नगरपालिका-१० स्थित डेराको बरन्डामा गोली प्रहार गरी हत्या गरिएको थियो। मुख्य योजनाकार महतोले आफ्ना सालो २२ वर्षीय चन्द्रकिशोर कुशवाहा र भाइ २२ वर्षीय विजयकुमार महतोको सहयोगमा सो हत्याको योजना बुनेको खुलेको छ। प्रहरीले तीनै जनालाई पक्राउ गरी थप अनुसन्धान गरिरहेको छ।

प्रहरीका अनुसार महतोले हत्याको योजनासहित दशैंअघि नै भाइ विजयकुमारलाई पेस्तोल खरिदका लागि ८० हजार रुपियाँ दिएका थिए। हत्यामा प्रयोग भएको पेस्तोल, एक थान खोका, एउटा मोटरसाइकल र तीन थान मोबाइल प्रहरीले बरामद गरेको छ। पक्राउ परेका तीनै जना विरुद्ध सर्लाही जिल्ला अदालतबाट कर्तव्य ज्यान तथा हतियार खरखजाना कसुरमा म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सरोज राईले बताए ।

# महाकाली सन्धिमा हस्ताक्षर नगरेको घिमिरेको दावी



झापा । झापा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार देवराज घिमिरेले महाकाली सन्धिका विषयमा उठिरहेका जिज्ञासाबारे स्पष्टोक्ति दिएका छन् । सामाजिक सञ्जाल तथा व्यक्तिगत रूपमा सोधिएका प्रश्नलाई लिएर उनले आफूले उक्त सन्धिमा कुनै पनि रूपमा हस्ताक्षर नगरेको दाबी गरेका हुन्
घिमिरेले शुक्रवार जारी गरेको विज्ञप्तिमा महाकाली सन्धिबारे आफू स्पष्ट रहेको र उठेका प्रश्नहरूको जवाफ दिइरहेको उल्लेख गरेका छन् । सन्धिलाई लिएर भ्रम फैलाउने प्रयास भएको भन्दै उनले घृणाको राजनीति नगरी अध्ययन र विश्लेषण गर्न सम्बद्ध पक्षलाई आग्रह गरेका छन्।
केही दिनअघि एक व्यक्तिले भिडियो खिचेर सोही विषयमा प्रश्न गरेको प्रसंग उल्लेख गर्दै घिमिरेले उक्त गतिविधि नियोजित भएको थाहा पाएपछि आफूले जवाफ नदिएको बताए । अहिले उक्त भिडियो अमुक दलको प्रचार सामग्रीका रूपमा प्रयोग भएको उनको दावी छ ।

"कुनै पनि सन्धिमा मैले हस्ताक्षर गरेको छैन । त्यस समयमा म सांसद, मन्त्री वा राज्यको कुनै पनि जिम्मेवारीमा थिइनँ," विज्ञप्तिमा घिमिरेले भनेका छन् ।

आफूले लोकतान्त्रिक पार्टीभित्र भएको बहसमा व्यक्तिगत धारणा मात्रै राखेको र त्यसमा पक्ष-विपक्षमा धेरै नेताले विचार राखेको उनको भनाइ छ ।
पार्टीको वैकल्पिक केन्द्रीय सदस्यले छिमेकी देशसँग सन्धि गर्ने हैसियत नै नहुने भन्दै यस्तो आरोप लगाइनु दुखद भएको घिमिरेले उल्लेख गरेका छन् ।
घिमिरेले आफू ५० वर्षदेखि राजनीतिमा सक्रिय रहेको बताउँदै राजनीति आफ्नो लागि सेवा भएको जिकिर गरे । बिनाश्रमको एक रुपैयाँ पनि नलिएको र ओहोदा वा प्राप्तिका लागि राजनीति नगरेको उनको दावी छ ।

तीन वर्षअघि प्राप्त जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरेको दाबी गर्दै घिमिरेले झापा क्षेत्र नं. २ का मतदातालाई विगत तथा पछिल्लो तीन वर्षको आफ्नो कामको निष्पक्ष मूल्यांकन गर्न आग्रह गरेका छन् । आफूबाट कहीँ त्रुटि भेटिए विनम्रतापूर्वक स्वीकार गर्न तयार रहेको उनले विज्ञप्तिमार्फत जनाएका छन् ।

# निर्वाचनका दिन फाट्टफुट्ट वर्षा र हिमपातको सम्भावना

काठमाडौं । जल तथा मौसम विज्ञान विभागले निर्वाचनको समयमा यही फागुन २० देखि २२ गतेसम्म उल्लेखनीय मौसम प्रणालीको प्रभाव नरहने देखिएको जनाएको छ।
शुक्रवार साँझ निर्वाचन विशेष मौसम बुलेटिन जारी गर्दै विभागको मौसम पूर्वानुमान महाशाखाले हालसम्मको मौसम ढाँचाबाट प्राप्त मौसमी तथ्याङ्कहरुको विश्लेषणका आधारमा आसन्न निर्वाचनको समयमा खास उल्लेखनीय मौसम प्रणालीको प्रभाव नदेखिने स्पष्ट पारेको हो।यद्यपि हिमाली र पहाडी क्षेत्रमा भने आंशिक बदली रहने र एक दुई स्थानमा फाट्टफुट्ट वर्षा र हिमपात हुने अनुमान गरिएको छ। कोशी, बागमती र गण्डकी प्रदेशको हिमाली र पहाडी क्षेत्रमा आंशिक बदली भई हिमाली क्षेत्रमा एक दुई स्थानमा फाट्टफुट्ट वर्षा र हिमपात हुने तथा मधेस प्रदेशमा मुख्यतया सफा रहने जनाइएको छ। लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको हिमाली क्षेत्रमा आंशिक बदली भएर बादल लागे खास वर्षा र हिमपात हुने सम्भावना नदेखिएको विशेष मौसम बुलेटिनमा उल्लेख छ। सबै प्रदेशका तराई क्षेत्रमा भने सफा रहने जनाइएको छ। तैपनि नियमित अनुगमन र अद्यावधिक गर्दै जाने भएकाले दैनिक अद्यावधिक सूचनाबारे जानकारी लिन विभागले सबैमा अनुरोध गरेको छ।


**नेपाल विद्युत प्राधिकरण**
वितरण तथा ग्राहक सेवा निर्देशनालय
प्रदेश नं. १, प्रादेशिक कार्यालय, बिराटनगर
**अनारमनी वितरण केन्द्र**
फोनः ०२३-५४१४९४ (कार्यालय) ०२३-५४०२९४ (फ्युज सेवा)

**विद्युत आपुर्ति अवरुद्ध हुने बारेको सूचना**

मिति २०८२ फागुन १६ गते शनिबारका दिन यस १३२/३३/११ केभी अनारमनी सबस्टेसनमा मर्मत सम्भार कार्य गर्नुपर्ने भएकोले, बिहान ६ बजेदेखि बिहान ७ बजेसम्म सम्पूर्ण ३३ केभी तथा ११ केभी लाइनहरू अवरुद्ध रहने व्यहोरा सबैमा अनुरोध गरिन्छ । यसबाट पर्नजाने असुविधाप्रति नेपाल विद्युत प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमाप्रार्थी छ ।

– नेपाल विद्युत प्राधिकरण
अनारमनी वितरण केन्द्र


# झापाबाट लुटिएको १४ थान हतियार अझै गायव



झापा, फागुन १५ ।जेनजी आन्दोलनका बेला इलाका प्रहरी कार्यालय दमकबाट लुटिएको थप एक थान हतियार फेला परेको छ ।
बिहीवार साँझ ७:३० बजे दमक नगरपालिका वडा न. ६ थाना रोडस्थित इलाका प्रहरी कार्यालय दमकबाट अन्दाजी २० मिटर उत्तरपूर्वतर्फ रहेको याम्जी श्रेष्ठको खाली जग्गाको झाडीमा काठको भाग पूर्णरुपमा जलेको र हतियारको सम्पुर्ण भागमा खिया लागेको अवस्थामा वाई१३४८७ नम्बरको मार्क ४ राईफल फेला परेको हो ।
उक्त हतियार जेनजी आन्दोलनको क्रममा भदौ २४ गते इप्रका दमकबाट लुटिएको पुष्टि भएको छ । झापामा जेनजी आन्दोलनमा लुटिएका १४ थान हतियार अझै गायव नै रहेको छ ।
भदौ २४ को प्रदर्शनका क्रममा लुटिएका हतियार र भागेका कैदीबन्दी-थुनुवा नियन्त्रण गर्न चारवटै सुरक्षा निकायले विशेष संयन्त्र परिचालन गरेका छन् । आसन्न प्रतिनिधिसभा निर्वाचन सुरक्षित रूपमा सम्पन्न गराउने उद्देश्यसाथ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल (एपीएफ) र राष्ट्रिय अनुसन्धान विभागले आ-आफ्नो संयन्त्रलाई ७७ वटै जिल्लामा तैनाथ गराएका हुन् ।
'निर्वाचन एकीकृत सुरक्षा कार्ययोजना-२०८२' ले जेलबाट भागेका कैदीबन्दी र लुटिएका हतियारलाई सुरक्षा चुनौतीका रूपमा राखेको छ । करिब ६ महिनाअघिको प्रदर्शनका क्रममा नेपाल प्रहरीका करिब १३ सय हतियार लुटिएका/हराएका थिए । तीमध्ये अझै ४ सय हतियार फेला परेका छैनन् । प्रहरीका करिब १ लाख राउन्ड गोली पनि अभिलेखबाट हराएका थिए ।

अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहेका, मुद्दाको पुर्पक्षका क्रममा रहेका र अदालतबाट दोषी ठहर भई कैद सजाय भुक्तान गरिरहेका गरी करिब १४ हजार कैदीबन्दी र थुनुवा पनि भागेका थिए । तीमध्ये करिब ४ हजार कैदीबन्दी र थुनुवा फरार छन् ।
निर्वाचनमा बम तथा विस्फोटक पदार्थको प्रयोगबाट पनि शान्ति सुरक्षामा खलल पुऱ्याइने आकलन गरिएको छ । विभिन्न व्यक्तिले लाइसेन्स लिएर राखेका हतियार तथा गोलीगट्ठा मतपरिणाम नआएसम्म प्रशासनलाई बुझाउन सरकारले निर्देशन जारी गरेको थियो । २१ हजारभन्दा बढी लाइसेन्स प्राप्त हतियार विभिन्न व्यक्तिसँग रहेकामा हालसम्म ५ हजार हाराहारी मात्रै प्रशासनमा बुझाइएको छ ।
निर्वाचन सुरक्षा तथा व्यवस्थापनमा खटिएका चारवटै सुरक्षा निकायका अधिकारीका अनुसार लुटिएका हतियार तथा भागेका कैदीबन्दी नियन्त्रण गर्न बम तथा विस्फोटक पदार्थको प्रयोगबाट अशान्ति मच्चाउन सक्ने व्यक्ति तथा समूहको निगरानी गर्न र दर्ता हतियारको दुरुपयोग रोक्न विशेष अपरेसन चलाइएको छ । यस कार्यमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले विशेष ब्युरोसहितको संयन्त्र परिचालन गरेका छन् । नेपाली सेनाको 'इन्टेलिजेन्स युनिट' पनि यसमा परिचालन भएको छ । अनुसन्धान विभागले पनि आफ्नै संयन्त्रलाई खटाएको छ ।
भदौ २४ को विध्वंसपछि लुटिएका हतियार र फरार कैदीबन्दी नियन्त्रणमा लिन सुरक्षा निकायले संयन्त्र परिचालन गरेका थिए । तर अझै ठूलो संख्यामा हतियार र कैदीबन्दी बाहिरै रहेकाले पुनः देशभर संयन्त्र खटाइएको प्रहरीका एक अधिकारीले जानकारी दिए । निर्वाचनको विपक्षमा रहेका दल र समूहबाट पनि अशान्ति मच्चाउने जोखिम रहेकाले उनीहरूलाई पनि निगरानीमा राखिएको ती अधिकारीले बताए ।
चुनावलाई असर पुग्ने गरी भारतबाट हतियार तथा विस्फोटक पदार्थ भित्रिन नदिन सशस्त्र प्रहरीले अन्तर्राष्ट्रिय सीमा नाकामा सुरक्षा जाँच कडाइ गरेको छ । मतदानको दिन र त्यसअघि गरेर ७२ घण्टाका लागि दुवै देशका अन्तर्राष्ट्रिय सीमा नाका 'सिल' गर्ने निर्णय भइसकेको छ । तर त्यसअघि नै आपराधिक व्यक्ति तथा समूहले हतियार तथा विस्फोटक पदार्थ भित्र्याउन सक्ने जोखिम रहेकाले नाकामा थप कडाइ गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।
भारतसँग ताप्लेजुङदेखि कञ्चनपुरसम्म करिब १ हजार ८ सय ८० किमि सीमा छ । भारततर्फको सीमा सुरक्षाका लागि सशस्त्र प्रहरीका २ सय ४९ बोर्डर आउट पोस्ट (बीओपी) छन् । अहिले तिनै बीओपीमार्फत चेकप्वाइन्ट बढाएर सुरक्षा जाँचमा कडाइ गरिएको छ । 'बीओपीका अलावा सीमा क्षेत्रका करिब १ हजार प्वाइन्टमा सशस्त्रका संयन्त्र खडा गरी आवागमन र यात्रुसँग भएका मालवस्तु जाँचलाई कडाइ गरिएको छ,' सशस्त्रका एक अधिकारीले भने ।


**अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**७ दिने सूचना**

सधियार पूर्व : श्री अनुप चेम्जुङ पश्चिमः बाटो उत्तरः बाटो दक्षिण : श्री मनमाया खड्काको नाममा जारी गरिएको ।

अर्जुनधारा नगरपालिका, वडा नं. ५ बस्ने श्री सम्बत राई ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा-५ | - | ३१२४४ | ०-२-१ | २०८२/१०/२३ | २०८२/११/१२ | २०८२/११/१० |



**सडक प्रयोग गर्दा ध्यान दिऔं।**

- सडक सीमा अतिक्रमण नगरौं।
- सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं।
- सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं।
- सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं।
- सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं।
- सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं।
- सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं।
- जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं।
- सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं।
- यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खबर गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड


# झापा ५ मा सुरक्षा निकायको फोकस–एसएसपी अधिकारी

झापा, फागुन १५ । निर्वाचनको 'इपिसेन्टर' बनेको झापा ५ मा सुरक्षा निकायले बढी फोकस गरेको छ ।
सुरक्षा समन्वयका लागि बुधबारदेखि एसएसपी पनि खटाइएको छ। झापा र इलाम जिल्लामा समन्वय गर्ने गरी एसएसपी गोविन्द अधिकारीलाई प्रहरी प्रधान कार्यालयको निर्णयअनुसार खटाइएको हो । एसएसपी अधिकारी कोशी प्रदेश तालिम केन्द्र, विराटनगरमा कार्यरत छन्। प्रतिदिनसंगै कुरा गर्दै एसएसपी अधिकारीले आफूले सबै निर्वाचन क्षेत्रमा चुनावको तयारीका बारेमा अनुगमन र समन्वय गर्ने बताए । उनले सुरक्षा निकायको बढी फोकस झापा ५ मा रहेको जानकारी दिए । उनी अनुगमन तथा समन्वयका लागि शनिवार झापा आउँदैछन् ।
एमाले अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह बीचको प्रतिस्पर्धाका कारण चर्चित झापा-५ लाई सुरक्षा दृष्टिले 'हाई अलर्ट' मा राखिएको छ । राजनीतिक रूपमा मात्र होइन, सुरक्षा रणनीतिक हिसाबले पनि यो क्षेत्र देशकै सबैभन्दा संवेदनशील निर्वाचन क्षेत्रका रूपमा हेरिएको छ । सुरक्षा संवेदनशीलताको विश्लेषण गरी झापामा डीएसपी र इन्स्पेक्टरसहित थप मद्दतका लागि ठुलो संख्यामा सुरक्षाकर्मी खटाइएको हो।
झापा जिल्लाको नियमित कमाण्ड एसपी बसुन्धरा खड्काले गर्दै आएकी छन्। उच्च संवेदनशीलताको मूल्यांकनपछि नेपाल प्रहरीले झापा-५ मा पाँच जना प्रहरी नायव उपरीक्षक (डीएसपी) परिचालन गरेको कोशी प्रदेश प्रहरी प्रमुख डीआईजी विनोद घिमिरेले जानकारी दिए । हाल इलाका प्रहरी कार्यालय काँकडभिट्टा, बिर्तामोड, दमक र जिल्ला प्रहरी कार्यालयमा डीएसपीको दरबन्दी रहेको छ ।

आसन्न निर्वाचनलाई मध्यनजर गर्दै झापा-५ अन्तर्गतका गौरीगञ्ज, गौरादह र कमल गाउँपालिकालाई समेत डीएसपी नेतृत्वमा विशेष सुरक्षा घेराभित्र राखिएको छ। डीआईजी घिमिरेका अनुसार झापा-५ मा मात्रै दुई हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ ।


**हिमालयन लाइफ इन्स्योरेन्स लि.**
प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

**हकदावी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | Gli०२७०००१३४४ | दिक्षान कार्की | पाँचथर |



**हिमालयन लाइफ इन्स्योरेन्स लि.**
प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

**हकदावी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | Gli०२३००१०७५६ | किरण संग्रौला | बिर्तामोड-६,झापा |



**नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड-४ ,झापा,फोन नं ०२३-५३३०५६

**ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्न आउने १५ दिने सार्वजनिक सूचना**
प्रथम पटक प्रकाशित मिति २०८२/११/१६

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, व्याज, हर्जना र अन्य दै-दस्तुर रकम समेत तिर्न-बुझाउन पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण बक्यौता रकम (कर्जाको साँवा, ब्याज, हर्जना र अन्य दै-दस्तुर रकम समेत )चुक्ता गर्नुहुन सूचित गरिन्छ ।अन्यथा सहकारी ऐन, सहकारी नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त, लिखित तथा प्रचलित नेपाल सरकारको कानून बमोजिम तपशिलको धितोबाट कर्जा असुल उपर गरिने व्यहोरा तपशिलका ऋणी वा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ

| ऋणीको विवरण | धितोको विवरण |
|---|---|
| नामःकल्पना प्रसाई<br>बाबुको नामःतुलसी प्रसाद प्रसाई<br>बाजेको नामःलक्ष्मी प्रसाद प्रसाई<br>स्थाई ठेगानाः गरामनी- ०१,झापा<br>अस्थाई ठेगानाः बिर्तामोड-४, झापा<br>ना.प्र.नं.: ३५४४३५०<br>जारी मितिः२०५९/०१/१७ | जग्गाधनीको नामः कल्पना प्रसाई<br>बाबुको नामःतुलसी प्रसाद प्रसाई<br>बाजेको नामःलक्ष्मी प्रसाद प्रसाई<br>गाविस/न.पा.-अनारमनी वार्ड नं ४<br>कि.नं.- १९५<br>क्षेत्रफलः २०३.१९वर्गमिटर |

**धन जमानीको विवरण**

| | | |
|---|---|---|
| १.नामः प्रेम प्रसाद उप्रेती<br>बाबुको नामः नर प्रसाद उप्रेती<br>बाजेको नामःहरि प्रसाद उप्रेती<br>स्थाई ठेगाना : इवा-९, तेह्रथुम<br>अस्थाई ठेगाना :बिर्तामोड-४, झापा<br>ना.प्र.नं. : १३२५३४/१९२०<br>जारी मितिः२०४६/०३/२१ | २. नामः हिमालय प्रसाई<br>बाबुको नामः तुलसी प्रसाद प्रसाई<br>बाजेको नामःलक्ष्मी प्रसाद प्रसाई<br>स्थाई ठेगाना : गरामनी-१, झापा<br>अस्थाई ठेगाना :बिर्तामोड-४, झापा<br>ना.प्र.नं. : ५७४३९७<br>जारी मितिः२०५२/०२/२५ | ३. नामः क्रिष्टिना भिलार्मिनो प्रसाई<br>बाबुको नामः क्लारो भिलार्मिनो<br>बाजेको नामःफिलिसिसियो भिलार्मिनो<br>स्थाई ठेगाना : गरामनी-१, झापा<br>अस्थाई ठेगाना :बिर्तामोड-४, झापा |

**नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड-४, झापा
फोन नं. ०२३-५३३०५६


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# चुनावमैत्री होली

जिल्ला प्रशासन कार्यालय झापाले होली पर्व मनाउँदा शान्तिसुरक्षा र आसन्न निर्वाचनलाई ध्यानमा राख्न आग्रह गर्दै सार्वजनिक स्थलमा भीडभाड, मेला महोत्सव तथा मदिरा बिक्रीवितरण नगर्न आग्रह गरेको छ।

कार्यालयले विज्ञप्ति जारी सूचनामा धार्मिक तथा सांस्कृतिक रूपमा आआफ्नो घर परिसरभित्र परिवारजन र साथीभाइसँग होली मनाउन बाधा नपर्ने स्पष्ट पार्दै खुला सडक र सार्वजनिक स्थानमा अनावश्यक भीड जम्मा गर्ने, कार्यक्रम आयोजना गर्ने र मदिरा सेवन तथा वितरण गर्ने कार्य नगर्न अनुरोध गरेको छ। कार्यालयले आसन्न निर्वाचनलाई लक्षित गर्दै लागू भएको निर्वाचन आचारसंहिताको कार्यान्वयनमा जोड दिएको छ।

सूचनामा जुलुस, आमसभा वा प्रचारप्रसारमा उम्मेदवारको निर्वाचन चिह्न, झण्डा, स्टिकर अंकित टोपी, टी–सर्ट, ज्याकेट, झोला वा अन्य सामग्री प्रयोग गर्न नपाइने उल्लेख गरिएको छ।
होलीका अवसरमा यस्ता सामग्री प्रयोग गरी आचारसंहिताविपरीत गतिविधि नगर्न प्रशासनले आग्रह गरेको छ।
सूचनामा कसैको इच्छाविपरीत रङ वा पानी हाल्ने, मदिरा सेवन गरी सार्वजनिक मर्यादा भङ्ग गर्ने, हो–हल्ला तथा अराजक गतिविधि गर्ने काम कानुनविपरीत हुने उल्लेख गरिएको छ।

त्यस्तै निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले देशभर निर्वाचनको तयारी अघि बढिरहेको बताएका छन्।
पर्सा र बारा जिल्लाको 'निर्वाचन सुरक्षाको वर्तमान अवस्था, चुनौती र समाधान' विषयक छलफल कार्यक्रममा देशभर निर्वाचनमैत्री वातावरण बनेको उनले उल्लेख गरे।
उनले भने☐ "अहिले निर्वाचन आचारसंहिता उल्लंघनका घटना न्यून छन्। निर्वाचन प्रचारप्रसारमा मितव्ययिता कायम भएको छ। निषेधको राजनीति अहिले निषेध भएको छ।"
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले विगतको तुलनामा निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनामा कमी आएको दाबी गरे।
"होली, निर्वाचन आचारसंहिता र निर्वाचनलाई सँगसँगै लैजादैँ छौँ", उनले भने, "निर्वाचनमैत्री होली मनाउन आयोग सम्पूर्णलाई अनुरोध गर्दछ। होली र निर्वाचन सँगसँगै अघि बढाउनेछौँ। यसमा सबैको साथ र सहयोग अनिवार्य छ।"
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले होली पर्व निर्वाचनमैत्री, शान्तिपूर्ण र सौहार्दपूर्ण ढङ्गले मनाउन आह्वान गरेका छन्। होली पर्व अर्को वर्ष आउँछ । तर, देश बदल्ने निर्वाचनको यो पर्व आउन समय लाग्छ । त्यसकारण चुनावमैत्री होली मनाएर फागुन २१ को निर्वाचनलाई सम्पन्न गरौं ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# निर्वाचनमा हाम्रो दायित्व



• कृष्णहरि बास्कोटा

अबको केही दिन अर्थात् आगामी २०८२ फागुन २१ गते प्रतिनिधि सभाका सदस्यको निर्वाचन हुँदै छ । यसमा आममतदाताले मतदान गरी निर्वाचनमा सहभागिता जनाउनु पर्छ । अन्य नागरिकले पनि निर्वाचनको महाअभियानमा सघाउनु पर्छ । लोकतन्त्रमा मुलुकको सार्वभौमसत्ता आमजनतामा निहित हुन्छ । यिनै मतदातारूपी जनताले निर्वाचनको माध्यमद्वारा प्रतिनिधि सभामा रहने सदस्यको छनोट गर्छन् । पाँच वर्षका लागि मुलुकको कानुन निर्माण गर्ने र शासन सञ्चालन गर्ने जिम्मेवारी सुम्पिन्छन् । आमनिर्वाचन लोकतन्त्रको प्रवर्धन र संरक्षण गर्ने एउटा महाअभियान हो ।
आगामी निर्वाचन गराउने जिम्मेवारी निर्वाचन आयोगको काँधमा छ । यो स्वतन्त्र संवैधानिक निकाय हो । यो सरकार मातहतको निकाय होइन । यसले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन गराउँछ । अठार वर्ष उमेर पुगेका आमनेपाली नागरिक एवं मतदाताले निर्वाचन आयोगले सम्पन्न गराउने निर्वाचनमा सहभागी भई नागरिकको कर्तव्य पालना गर्नु पर्छ । निर्वाचन आयोगको मुख्यालय काठमाडौँमा छ । सातै वटा प्रदेश र ७७ जिल्लामा यसका कार्यालय छन् । आफूलाई दुविधा भएको विषयमा ती कार्यालयमा सम्पर्क राख्न सकिन्छ । आयोगले सञ्चालन गरेको कल सेन्टर र आयोगको वेबसाइटबाट पनि भरपूर सूचना हासिल गर्न सकिन्छ । लोकतन्त्रको प्राण वायुका रूपमा रहेको सूचनाको हकको उपयोग गरी आममतदाता अनावश्यक अफवाहमा नपरी आगामी निर्वाचनका लागि पूर्णतः आश्वस्त र ढुक्क हुनु पर्छ ।

फागुन २१ गते प्रतिनिधि सभाका २७५ जना सदस्य छनोटका लागि निर्वाचन हुँदै छ । यसमा ७७ जिल्लाबाट १६५ जना प्रत्यक्ष रूपमा निर्वाचित हुन्छन् । यसै गरी ११० जना समानुपातिक निर्वाचनबाट निर्वाचित हुने कानुनी व्यवस्था छ । यसरी हामी मतदाताले एकै पटक प्रत्यक्ष र समानुपातिक गरी दुई वटा मतपत्रमा आफ्नो मत हाल्नु पर्छ । प्रत्यक्षतर्फको मतदानबाट सर्वाधिक मत ल्याउने उम्मेदवार विजयी हुन्छन् । समानुपातिकतर्फ राजनीतिक दलको चुनाव चिह्नमा मत खसाएपछि सोको राष्ट्रियस्तरमा मत गणना भई मतसङ्ख्याको आधारमा समानुपातिकतर्फका उम्मेदवार निर्वाचित हुन्छन् ।

हामी मतदाताले एउटा मतपत्रमा प्रत्यक्षतर्फ मतदान गरी आफूले मतदान गरेको उम्मेदवार विजयी वा पराजित भए भनी मत गणनापछि जानकारी पाउँछौं । समानुपातिकतर्फको मतदानबाट कुन उम्मेदवार विजयी भए वा कुन उम्मेदवार पराजित भए हामी मतदातालाई प्रत्यक्ष जानकारी हुँदैन । निर्वाचनपछि निर्वाचन आयोगले कुन दलबाट को को समानुपातिक उम्मेदवार कुन कुन क्लस्टरबाट विजयी भए भनी जानकारी गराउँछ । यसरी प्रत्यक्ष निर्वाचनबाट हामी मतदाताले व्यक्तिको छनोट गर्दछौं भने समानुपातिक मतदानबाट राजनीतिक दलको छनोट गर्दछौं भनी हेक्का राख्नु पर्छ ।

निर्वाचन आचारसंहिताले नेपालमा हुन गइरहेको प्रतिनिधि सभाको निर्वाचनमा भ्रामक विज्ञापन गर्न रोक लगाइएको छ । स्वच्छ, मर्यादित र विश्वनीय निर्वाचनका लागि सबै नेपालीले आआफ्नो स्थानबाट सहयोग गर्नु पर्छ । कसैलाई होच्याउने र भ्रम सिर्जना गर्ने काम गर्नु हुँदैन । आममतदाता निर्वाचनमा मतदान गर्न सक्रिय हुनु पर्छ । नेपालको प्रचलित कानुन अनुसार नागरिकताको प्रमाणपत्र भएको व्यक्ति १८ वर्ष पूरा भएपछि निर्वाचन आयोगको प्रक्रिया अनुसार मतदाता नामावलीमा सूचीकृत हुनु पर्छ । यसपछि आफ्नो फोटोसहितको मतदाता परिचयपत्र बन्छ । आगामी फागुन २१ गतेको निर्वाचनमा मतदान गर्न जाँदा सोही परिचयपत्र लिएर जानु पर्छ ।
सामान्यतः मतदान गर्न जादा नागरिक्ताको प्रमाणपत्र, जग्गाको लालपुर्जा, सवारीचालक अनुमतिपत्र, राष्ट्रिय परिचयपत्र वा राहदानी लिएर जानु पर्दैन । निर्वाचन आयोगले जारी गरेको मतदाता परिचयपत्र भए पुग्छ । मतदाता नामावलीमा नाम समावेश भएको र कुनै कारणवश मतदाता परिचयपत्र फेला नपरेको अवस्थामा भने माथिका पाँच वटामध्ये कुनै एउटा कागजातको सक्कलै लिएर जाँदा मतदान गर्न पाइने व्यवस्था छ । यस्ता कुराको जानकारीका लागि निर्वाचन आयोगले मतदाता जागरण कार्यक्रम सञ्चालन गरिरहेको छ । यसमा सहभागी भई निर्वाचनसम्बन्धी अधिक जानकारी हासिल गर्नु पर्छ । निर्वाचन आयोगको वेबसाइटबाट पनि आवश्यक सूचना सङ्कलन गर्न सकिन्छ । लोकतन्त्रमा आफ्नो अधिकारको उपयोगका लागि सुसूचित हुन पाउनु आमनागरिकको नैसर्गिक अधिकार हो ।

आगामी फागुन २१ गते अर्थात् निर्वाचनको दिन सवारीसाधन प्रयोग गर्न पाइन्न । निर्वाचनसम्बन्धी काममा विदेशी नम्बर प्लेटको सवारीसाधनको प्रयोग पनि गर्नु हुँदैन । एक जना उम्मेदवारले मतदानको दिन अनुमति लिएर अधिकतम दुइटासम्म सवारीसाधन वा चार वटासम्म घोडा प्रयोग गर्न पाइने आचारसंहितको व्यवस्था छ । मतदान हुने दिन सार्वजनिक यातायात सञ्चालन हुँदैन । आफ्नो मतदान केन्द्र कहाँ परेको छ भनी मतदान हुनु २-४ दिन पहिल्यै जानकारीमा राख्नु पर्छ । एम्बुलेन्स, दमकल, खानेपानी ट्याङ्कर, दुध ढुवानी, शव वाहन, अस्पताल सेवा, दूरसञ्चार, विद्युत सेवा जस्ता अत्यावश्यक सवारीसाधन र कूटनीतिक नम्बर प्लेटका सवारीसाधन सञ्चालनमा भने अनुमति लिनु पर्दैन । यी सवारीसाधनको दुरुपयोग गर्न भने निषेध छ ।

आगामी फागुन २१ गते मतदान गर्ने समय बिहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म हुने छ । समयमै मतदाता परिचयपत्र लिएर मतदान केन्द्रमा पुग्नु पर्छ । त्यहाँ सर्वप्रथम आफ्नो नाम भिडाउनु पर्छ । महिला र पुरुषको लाइन भिन्दाभिन्दै हुन्छ । सामान्यतः जुनसुकै मतदाताले पनि लाइनको प्रयोग गर्नु पर्छ । मतदान स्थलमा प्रवेश गर्ने द्वार र बाहिरिने ढोका फरक हुन्छ । मतदान केन्द्रको वरिपरि होहल्ला गर्न निषेध हुन्छ । मतदान गरिसकेपछि निवासमै फर्किनु पर्छ । मतदान गर्नुपूर्व औँलामा मसी लगाएर मतपत्र प्राप्त हुन्छ । सो मतपत्रमा निर्वाचन आयोगले दिएको स्वस्तिक छाप लगाउनु पर्छ । सो बखत मसी लतपत नहुने गरी छाप लगाउनु पर्छ र मतपत्र पट्याए बाकसमा खसाल्नु पर्छ । आफूले मतदान गरेको कसैले पनि देख्दैनन् । त्यहाँ सिसी क्यामरा जडान भएको हुँदैन । मतपत्र भने सबैले देख्ने गरी बाकसमा खसाल्नु पर्छ । यी सबै कार्यको फोटो खिच्न निषेध हुन्छ । मतदानस्थलमा मतदाता परिचयको अलावा अन्य मोबाइल फोनलगायतका अनावश्यक सामग्री साथमा लिएर जानु हुँदैन । सबैले आफ्नो अमूल्य मतको सदुपयोग गर्नु पर्छ ।

हरेक मतदान केन्द्रमा पूर्णतः सुरक्षा प्रदान गरिएको हुन्छ । त्यहाँ स्वयंसेवक खटिएका हुन्छन् । उम्मेदवारका प्रतिनिधि पनि हुन्छन् । निर्वाचनमा खटिएका कर्मचारीसमेत हुने हुँदा आवश्यक सहयोग लिन सकिन्छ । निर्वाचनमा कुन उम्मेदवार र राजनीतिक दल छान्ने भन्ने आफ्नो नैसर्गिक अधिकार हो । यसमा विवेक पुऱ्याएर मतदान गर्नु पर्छ । मतपत्रमा स्वस्तिक चिह्न प्रयोग गर्दा हडबड नगरी समय लिनु पर्छ । यसमा कुनै समय सीमा तोकिएको छैन । मतदान गरेपछि वा गर्नुअघि आफन्त वा चिनजानका व्यक्तिसँग मतदानका विषयमा छलफल गर्न सकिन्छ । मेरो मत यस उम्मेदवारमा जान्छ वा यस उम्मेदवारलाई मतदान गरे भनी सार्वजनिक रूपमा प्रकट गर्नु हुँदैन । यो गोप्य मतदान हो । कसैले मैले यसमा भोट हाले भने पनि सो पुष्टि गर्ने आधार कसैसँग पनि हुँदैन । कारण स्वस्तिक चिह्न प्रयोग गरेको मतपत्र सार्वजनिक गर्न पाइन्न । मतपत्रमा स्वस्तिक चिह्न हानेपछि सोको फोटो खिच्न निषेध छ । यी सबै कुरा आचारसंहिताभित्र पर्छन् ।

आममतदाताले संविधान र कानुन एवं असल नागरिकको कर्तव्य अनुरूप मतदान गर्न जानु पर्छ । यसअघि उम्मेदवार वा राजनीतिक दलको घोषणापत्र अध्ययन गर्नु पर्छ । नेपालको संविधानले मुलुकको सार्वभौमसत्ता नेपाली जनताको काँधमा सुम्पिएको छ । यो भनेको आफ्नो शासन आफैँद्वारा आफैँलाई गर्ने हो । यस खातिर प्रतिनिधि सभालगायतको निर्वाचन हुन्छ । आगामी फागुन २१ गते प्रतिनिधि सभाका सदस्यको निर्वाचन हुँदै छ । सो प्रतिनिधि सभाबाट प्रधानमन्त्रीको नियुक्ति लागि मतदान हुन्छ । यसरी मुलुकको शासन सञ्चालनको जिम्मेवारी लिने जनप्रतिनिधिको छनोटमा हामी सबै सहभागी हुनु पर्छ । यो नागरिकको कर्तव्य हो । यस्तो पुनित कार्य गर्ने क्षणमा अमर्यादित भाषाको प्रयोग वा घृणाजन्य अभिव्यक्तिमाथि पूर्णत रोक लगाइएको छ । सबैले यसको पालना गर्नु पर्छ ।

सामान्यतः निर्वाचनका बखत फजुल खर्च हुने गरेको छ । बढी खपत हुँदा खोजेको बखत आवश्यक सामान नपाइन सक्छ । यसमा सर्वसाधारण सजग हुनु पर्छ । राजनीतिक दल र उम्मेदवारको गतिविधिले घरभाडा वृद्धि हुन्छ । निर्वाचनको मुखमा अनावश्यक भ्रमण गर्दा यातायातको भाडादर महँगो हुन सक्छ । यस बखत होटलका कोठा, रेस्टुरेन्ट र मोटर भाडा पनि महँगिन्छ । यसर्थ, आन्तरिक पर्यटनमा निस्कँदा यी कुराको पनि ख्याल गर्नु पर्छ ।

निर्वाचनको समयमा खाना, खाजा, माछा, मासु, खाद्य सामग्रीको खपत पनि बढ्छ । माग र आपूर्तिको सामन्जस्यता नमिल्दा केही मूल्य वृद्धि हुन सक्छ । यस्ता घरायसी खपतका सामानको पनि समयमै जोहो गर्नु बुद्धिमानी हुने छ । यस बखत तुल, कपडा, फ्लेक्स, पर्चा, पोस्टर, पम्पलेट कागज, छपाइ, मुद्रण, विज्ञापन, होडिङ बोर्डको खपत पनि बढी नै हुन्छ । निर्वाचनकै मुखमा पर्ने गरी सङ्घ संस्थाले कार्यक्रम नगर्नु नै उचित हुन्छ । कैयौं सरकारी कार्यक्रम आचारसंहितको कारण गर्न नपाइने पनि हुन्छ । विशेष गरी निर्वाचनको समयमा मदिरा, चुरोट, लोकल रक्सी, जाडलगायतको पनि बढी नै खपत हुने गरेको छ । सामान्यतः सकिएमा यस्ता वस्तुको सेवन र उपयोग त्याग्नु नै उत्तम हुने छ । मतदानको मौन अवधिलगायतमा मदिरा पसल सञ्चालनमा रोक लाग्छ । जे होस्, निर्वाचनमा शान्ति, सुव्यवस्था कायम गर्न आमनेपालीले सघाउनु पर्छ ।

फागुन २१ गते प्रतिनिधि सभामा सदस्यका लागि प्रत्यक्ष र समानुपातिक निर्वाचनका लागि निर्वाचन आयोग र सरकारले विशेष पहल गरिरहेको छ । यसमा सघाउनु आमनागरिकको कर्तव्य हो । लोकतन्त्रको प्राण नै निर्वाचन हो । यसलाई संरक्षण गर्ने जिम्मेवारी आममतदाताको भएकाले निर्वाचनमा आमनेपालीले मन, वचन र कर्मले यस महाअभियानलाई सफल पार्न सार्वजनिक अपिल गर्दछु । गोपबाट

# परदेशी छोरालाई बुढो बाउको चिठी



• बालकृष्ण पोखेल

हामी बुढा बाउआमाको तर्फबाट सात समुद्रपारिबाट मनभरि माया, आशीर्वाद र सम्झना।
अहिले प्रविधिले सजिलो बनाइदिएको छ। तिमीहरूको मुख हेरेरै कुरा गर्न पाइन्छ। अस्ति बेलुका तँसँग पारिवारिकसँगै केही राजनीतिक कुरा पनि भयो। त्यस संवादमा तैंले बोलेका केही कुराले मन अमिलो बनायो। त्यसैले आज विस्तारमा यो चिठी लेख्दैछु बाबु।
नरिसा है ठुले! किन हो किन, सानैदेखि तँ ठुस्किँदा र रिसाउँदा मेरो मन सारै नै कुँडिन्छ। ठुले, तँ सम्झिन्छस् ? तैंले विदेश जान गरेको रहर, अनि मैले 'यहीँ केही गर छोरा' भन्दै ' नजा, नजा' भनेर कैयौं पटक गरेको अनुरोध। तर तैंले 'जान्छु बा, केही गरेर देखाउँछु' भन्दै जिद्दी गरिरहिस्। यसो तेरो अनुहार र आँखा नियालेँ। तेरो आँखामा उत्साह अनि सपनाको चमक थियो, मेरो मनमा चिन्ताको बादल। आखिर तेरो जिद्दी अघि मेरो केही लागेन। थाहा छ छोरा, तँ विदेश जाने दिन मलाई आकाश खसेर किचेझैं भएको थियो। विमानस्थलमा तेरो हात समातेर उभिँदा, मेरो हात कति काँपिरहेको थियो अनि तँसँग अँगालो मारेको बेला मेरो मन कति भक्कानियो, त्यसको बयान यहाँ गर्न सक्दिनँ। तँलाई थाहा छ बाबु, तँ जुन घरमा जन्मिस् नि, त्यो सजिलै बनेको होइन। तेरी आमालाई भर्खरै बिहे गरेर ल्याएको थिएँ। पहाडमा मास्टरी पेसामा थिएँ। जसोतसो जीवन चलेकै थियो। तर तत्कालीन शासकको अन्याय, अत्याचार र दमनको विरोधमा आवाज उठाउँदा जागिरबाट हात धुनुपऱ्यो। हुँदाहुँदा गाउँमा पनि उनीहरूले टिकीखान दिएनन्, र हामी मधेस झर्न बाध्य भयौं। मधेसमा पनि त्यतिखेरका शासकहरूसँग ज्यानको बाजी थापेर दुःखसँग पौठेजोरी खेल्दै झोडाको बीचमा जोडेको जग्गा हो यो। जहाँ तिमीहरूले पहिलो पाइला टेक्यौ, जुन आँगनमा खेलेर हुर्कियौ, त्यो तेरा बाउआमाको संघर्ष र साहसले मलजल गरेको अनि पसिनाले सिञ्चिएको ठाउँ हो बाबु। त्यसको पुर्जा पनि तैंले अस्ति पुराना र काम नलाग्ने भनेका पार्टीका नेताले दिलाएका थिए। त्यसपछि दुःख र संघर्ष गर्दै डाँडाको खेत जोड्यौं, बाँसघारीको कित्ता जोड्यौं, खोलापारिको जग्गा पनि जोड्यौं। अहिले हामीलाई सबै कुरा पुगिसरी छ बाबु। मात्र तिमीहरू साथमा छैनौ।
तँलाई विदेश पठाउन पनि त कहाँ त्यति सजिलो थियो र ? आफूसँग पुग्ने पैसा थिएन। बाँसघारी कित्ता बेचें र डाँडाको खेत बन्धकी राखेँ। लैनो भैंसी बेचेँ। आमाले आफ्ना सुनका गहना फुकालिन्। जसोतसो उता जाने खर्चको बन्दोबस्तो गरेर तँलाई विदेश पठायौं। तँ गएपछि हामी धेरै रात सुत्न सकेनौं बाबु। हामीले यही देशमा नङ्ग्रा खियायौं, मधेसको चर्को घाममा डढ्यौं, दर्के पानीमा रुझ्यौं, कहिलेकाहीँ त भोकै पनि सुत्यौं। राति निद्राको ठाउँमा मैले तँलाई काँधमा बोकेर मेलामा लगेको दिनदेखि तँलाई ज्वरो आउँदा तेरी आमाले रातभरि पानीपट्टी गरेका दिनहरू आँखामा झलझली घुमिरहे। त्यसमाथि ऋण कसरी तिर्ने ? ब्याज कसरी बुझाउने ? चिन्ता र छटपटीमै रात बिते। म त २-४ दिनमा सम्हालिएँ, तर तेरी आमालाई सम्हालिन महिनौं लाग्यो ठुले। तर त्यो बेला एउटा आशा थियो, हाम्रो छोराले सपना बोकेर गएको छ, पक्कै केही गर्छ। त्यही आशाले हामी बाँच्यौं बाबु। आज तेरो कमाइले घरको छाना फेरिएको छ, सानो भाइको पढाइ चलेको छ, बहिनीको कलेजको शुल्क तिरेको छ। यसमा हामीलाई गर्व छ।

देश अहिले चुनावमय भएको छ। यही मेसोमा अस्ति हामी बाउछोरा बीचमा राजनीतिक गफ पनि भए। मलाई त बाउ छोराबीच राजनीतिक गफ गर्ने चाहना पनि थिएन। तैंले नै कुरा झिकिस्। तँ भन्दै थिइस् छोरा, फलाना फलानाले देश बर्बाद पारे। अब चुपचाप फलाना फलानालाई भोट दिनू अनि तोकेरै एक अमुक दलको चुनाव चिह्नमा भोट हाल्नु भनेर। तैंले आमालाई पनि अलिक ठूलै स्वरमा थर्काउँदै थिइस्। आमालाई भन्दैथिइस्, 'झोले र मासुभातेले देश बिगारे, अब भोट बदल्नुस्।'
अनि बाबु, के हिजो तेरा बाउ-आमा पनि झोले र मासुभाते नै थियौं त ? कि अमुक चिह्नमा भोट हाल्दा मात्र विद्वान् र अरूमा भोट हाल्दा चाहिँ झोले र मासुभाते कहलाउने हो ?
म पनि त एक राजनीतिक व्यक्ति हो छोरा। पञ्चायतविरुद्धको आन्दोलन र संघर्षबाट हुर्केको। आज पनि सहीलाई सही र गलतलाई गलत भन्न सक्ने चेत कायम नै राखेको छु। छोरा तँ अहिले हौवाको पछि लागेर कुदिरहँदा के बुझ्नु जरुरी छ भने हिजो ज्यानको बाजी थापेर आजको राजनीतिक परिवर्तन ल्याउनेहरू ती पुरानै थिए। पक्कै हो, उनीहरूले जनअपेक्षाअनुसार शासन सञ्चालन गर्न सकेनन्। बुढो र थाकेको काँध फेर्न सकेनन्। गल्ती गर्नेले सजाय पाउनुपर्छ, जनताले पक्कै दिन्छन् तर यसको अर्थ विगतका सबै कुरा अस्वीकार गर्नु र नयाँ भनिएकाहरू सबै दूधले नुहाएका छन् भन्ने भाष्य सिर्जना गर्नु होइन बाबु। सात समुद्रपारि बसेर च्याउसरी उम्रिएका युट्युबका कुरा सुनेर 'सबै पुराना खराब र सबै नयाँ असल' भन्ने चेतना निर्माण गर्नु ठीक होइन छोरा। पुरानामा पनि धेरै असल छन्, नयाँमा पनि धेरै खराब छन्।

अस्ति तल्लाघरे साइँला काकाको छोराले त 'फलानो चिह्नमा भोट नहाले म नेपाल नै आउँदिनँ, तिमीहरूलाई बाउआमा पनि भन्दिनँ' भनेछ। बिचरा हाम्रोमा आएर धेरैबेर बिलौना गऱ्यो। यो सुन्दा मेरो मन चसक्क भयो छोरा। पार्टी केही होइन, चिह्न केही होइन। झन्डा, रङ, नारा यी सबै समयसँगै बदलिन्छन्। तर हामी बाउआमा र छोराको सम्बन्ध बदलिनु हुँदैन। परिवारको माया, ममता र अपनत्व बदलिनु हुँदैन। यो सम्बन्ध कुनै पार्टीको घोषणापत्रले लेखेको होइन, कुनै नेताले बनाएको होइन। यो सम्बन्ध त रगतले जोडिएको अनि आमाको पेटबाट सुरु भएको हो बाबु।
म परिवर्तनको विरोधी हुँदै होइन बाबु। म पनि आफूलाई परिवर्तनकारी र क्रान्तिकारी मान्छु। असललाई असल र खराबलाई खराब भन्दै आएको छु। यहाँ बसेर राम्रो गर्नेलाई हौसला दिनुपर्छ, होस्टेमा हैंसे गर्नैपर्छ। आलोचना गर, तर रचनात्मक गर। देशको खराबीमात्र होइन, के गर्न सकिन्छ त्यो पनि सोच न। उरन्ठेउलो भिडले मात्र देशको मुहार फेर्ने कुरा सम्भव हुँदैन छोरा। बुढो पुस्ताको अनुभव र परिपक्वता, प्रौढ पुस्ताको बुद्धि, विवेक, ज्ञान अनि युवा पुस्ताको ऊर्जा र साहस सबै एकै ठाउँमा मिसाउन सकेमात्र देश विकासको पथमा लम्केला।
संसार अहिले एउटै सहर जस्तो भएको छ। आफ्नो राम्रो व्यवस्थाका लागि संसारका विभिन्न देशका मानिसहरू सुविधा सम्पन्न देशमा बसाइँ सरेका छन्। विदेश जानु गलत होइन। प्रगति गर्नु नराम्रो होइन। तर प्रगतिको नाममा आफ्नै जरा बिर्सनु पीडादायी हुन्छ। कुनै चुनाव चिह्नमा भोट फेर्दैमा केही हुँदैन बाबु, पहिले सोच फेर्नुपर्छ। सोच बदलियो भने समाज बदलिन्छ, चिह्न बदलिँदैमा देश बदलिँदैन। विचार फरक हुन सक्छ, पिँढी फरक हुन सक्छ। तर राजनीतिका नाममा सम्बन्ध टुट्नु हुँदैन। नयाँ नयाँ राजनीतिक परिवेश आउँछन् जान्छन्। नेताहरू कोही उठ्छन्, कोही गिर्छन्। सरकार फेरिन्छ। तर बाउआमा फेरिँदैनन् छोरा।
विकसित देशमा गएका छौ, त्यहाँको विकास कसरी भयो त्यो राम्ररी बुझ, तिमीहरूले त्यहाँ सिकेको प्रविधि, सीप र अनुशासन यहाँ कसरी प्रयोग गर्न सकिन्छ त्यो सोच। विदेशले अवसर दिन्छ, तर पहिचान दिँदैन बाबु। देशप्रेम भनेको सामाजिक सञ्जालमा स्टाटस लेख्नुमात्र होइन। देशप्रेम भनेको त आफूले टेकेको धरातलको यथार्थ बुझेर मातृभूमिप्रति जिम्मेवार र इमान्दार हुनु पनि हो।
हामी बुढाबुढी धेरै अपेक्षा राख्दैनौं। ठूलो घर चाहिएको छैन, महँगो गाडी चाहिएको छैन। हप्तामा एक पटक फोन गरेर 'बा, आमा कस्तो छ ? ' भनेर सन्तानले सोधिदिऊन्। त्यो शब्द हाम्रो लागि करोडौंभन्दा ठूलो हुन्छ। अन्त्यमा यतिमात्रै भन्न चाहन्छु, पार्टी केही होइन बाबु, सम्बन्ध सबैथोक हो। यो चुनावमा हामी भोट हाल्छौं। गोप्य मतदान हो, अवश्य नै राम्रा छानेर नै भोट हाल्छौं। तर यतिमात्र आग्रह हो, उस्तै परे हामी तलमाथि हुँदा लास उठाउन समेत तिमीहरू नआइपुग्न सक्छौ त्यो बेला हामीलाई यहीँका छरछिमेकी र आफन्त चाहिन्छ, यसमा भोट हाल र उसमा भोट हाल भन्दै दबाब दिएर र खुलेआम कुरा गरेर यहाँ बसेकाहरूको बीचमा सम्बन्ध नबिग्रियोस्। परिवारको बीचमा राजनीति नघुसाएस्, बेमेल नआवस्। तँ मेरो छोरा होस्, म तेरो बाउ हुँ। यो सत्य कुनै चुनावले बदल्न सक्दैन छोरा। उही तेरो बुढो बाउ। अपूबाट

# चुनावी घोषणापत्रमा स्वास्थ्य

काठमाडौँ । प्रमुख दल नेपाली कांग्रेस, नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायतका दलहरूले चुनावी घोषणापत्र सार्वजनिक गरिसकेका छन्।

काँग्रेसले सार्वजनिक गरेको प्रतिज्ञापत्रमा आगामी पाँच वर्षका लागि पार्टीले लिने स्वास्थ्यको योजनालाई स्पष्टसँग अघि सारेको छ।

'ओखती र ओत दिने नेपाल'मा राखिएको छ। काँग्रेसले गर्भावस्थादेखि वृद्धावस्थासम्म नै नागरिकको स्वास्थ्यप्रति राज्य संवेदनशील र जिम्मेवार हुने उल्लेख गरेको छ। कसैलाई रोग लागिहाले कसरी उपचार गर्ने र अस्पतालको शुल्क कसरी तिर्ने भन्ने डरबाट मुक्त हुने गरी काम गर्ने काँग्रेसले संकल्प सहित स्पष्ट योजना अघि सारेको छ। जसको लागि काँग्रेसले मुख्य गरी छरिएका सबै सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत गर्ने जोड दिएको छ।

यस्तै स्वास्थ्य बिमाको दिगोपनमा जोड दिने जसका लागि बिमामा देखिएको अहिलेको वित्तीय संकट समाधान गर्न विभिन्न कोषबाट उपलब्ध हुने रकमलाई बिमामा जम्मा गर्ने, सुर्तीजन्य पदार्थ,चकलेट, गुलियो पेय पदार्थमा कर बढाए सो रकम बिमालाई दिने जस्ता समाधानका उपाय घोषणा गरेको छ।

यस्तै काँग्रेसले देशमा भएका अस्पतालको वर्गीकरणलाई शय्याको आधारमा भन्दा विरामीलाई दिने सेवाको आधारमा गर्नुपर्ने र तदनुसार आफूले काम गर्ने समेत जनाएको छ। यस्तै स्वदेशमै हुने उपचार सेवालाई राज्यसँग आर्थिक सहयोग मागेर विदेश जान नपाउने विषयलाई कडाइका साथ पालना गर्ने उल्लेख गरेको छ।

काँग्रेसले आफ्नो घोषणापत्रमा स्वास्थ्यका विषयमा केही नयाँ योजना अघि नसारेर पुरानै कार्यक्रमलाई दिगो बनाउने उल्लेख गरेको छ। तर विशेषगरी काँग्रेसले बिमा लगायतका स्वास्थ्य र सामाजिक सुरक्षाका क्षेत्रमा धेरै केन्द्रित भएर तथ्यपरक र कडाइका साथ यसलाई कार्यान्वयनलाई जोड दिएको देखिएको छ। डिजिटल स्वास्थ्य प्रोफाइल' राख्ने विषय पनि काँग्रेसले समेटेको छ।

यसरी हेर्दा स्वास्थ्यको क्षेत्रमा काँग्रेस नयाँ महत्वाकांक्षी कार्यक्रम अघि सार्नु भन्दा भइरहेका कार्यक्रमलाई कसरी दिगो र सहज बनाउन बनाउन सकिन्छ भन्ने विषयमा केन्द्रित रहेको छ। यसका लागि काँग्रेसले स्पष्टसँग समाधानका उपाय अघि सारेको छ।

एमालेले पनि स्वास्थ्यका विषयलाई महत्व दिएको छ। एमालेले रोग लागेर उपचार गर्नुभन्दा रोगै नलाग्ने विषयमा जोड दिएको छ। जसको लागि 'स्वस्थ खाना, योग व्यायाम, निरोगी नेपालको महाभियानकै रूपमा स्वास्थ्यको विषय समेटेको छ।

आगामी पाँच वर्षको स्वास्थ्य बीमाको सुधारको लागि पनि एमाले स्पष्ट रहेको छ। जसको लागि बिमा प्रणालीलाई संरचनात्मक र सञ्चालनगत सुधार गरी दिगो बनाउने। दिगो राष्ट्रिय वित्तीय स्रोतको व्यवस्था गर्दै बिमाको थैली विस्तार गर्ने। आधारभूत, प्राथमिक र समग्र प्राथमिक स्वास्थ्य सेवाबीच स्पष्ट परिभाषा, सेवा प्याकेज, जिम्मेवारी र वित्तीय व्यवस्था कानूनमै स्पष्ट गर्ने समेटेको छ। यस्तै एमालेले पहिलो घोषणा पत्रमा प्राथमिक स्वास्थ्यसेवा केन्द्रमा कम्तिमा एक एमडीजीपी चिकित्सक, नर्स, प्रयोगशाला र फार्मेसी सेवा उपलब्ध गराउने उल्लेख गरेको छ। स्वास्थ्य सेवाकेन्द्र आधारित उपचार र सिफारिसमा मात्र रिफरल प्रणाली विकास गर्ने उल्लेख गरेको छ।

यस्तै जिल्ला अस्पतालको स्तरोन्नति गरी न्यूनतम विशेषज्ञ सेवा उपलब्ध गराउने र प्रदेशस्तरमा प्रभावकारी रिफरल प्रणाली स्थापना गर्ने एमालेले जनाएको छ।

वडादेखि केन्द्रसम्म अस्पताल पूर्वाधार निर्माण र आधुनिकीकरण सम्पन्न गरी जिल्ला, प्रदेश र केन्द्रीय अस्पतालबाट विश्वस्तरीय उपचार सेवा स्वदेशमै उपलब्ध गराउने, सरकारी अस्पतालको व्यवस्थापन, स्वास्थ्य जनशक्तिको नियुक्ति र परिचालन सुधार गर्दै चिकित्सक तथा स्वास्थ्यकर्मीका लागि प्रोत्साहन, सुरक्षा, वृत्तिविकास र मर्यादा अभिवृद्धि गर्ने, निजी अस्पतालको शुल्क र गुणस्तर नियमनका लागि मापदण्ड र क्याफिड प्रणाली लागू गर्ने, संक्रमणजन्य र गैरसंक्रमणजन्य रोगको दोहोरो भारलाई सम्बोधन गर्न स्वास्थ्य प्रणालीलाई रोकथाम, प्रवर्द्धन र उपचारबीच सन्तुलित रूपमा सुधार गर्न तथा जनस्वास्थ्य सचेतना, स्वच्छ र पोषणयुक्त आहार, नियमित व्यायाम तथा वातावरणीय प्रदूषण नियन्त्रणका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने लगायतका विषय एमालेले यसपटक आफ्नो घोषणापत्रमा समेटेको छ।

एमालेले पहिलो रोग नै नलाग्ने उपायमा ध्यान दिएको छ भने दोस्रोमा गुणस्तरीय र सहज स्वास्थ्य सेवामा ध्यान दिएको छ। काँग्रेस जस्तै एमाले पनि स्वास्थ्य सेवामा नयाँ कार्यक्रम थप्नुभन्दा अहिलेकै कार्यक्रमहरूलाई दिगो र गुणस्तरीय सेवामा जोड दिएको छ। बलियो नयाँ शक्तिको रुपमा उदायको रास्वपाले सार्वजनिक गरेको बाचापत्रमा स्वास्थ्य बिमालाई सुदृढ गर्नेदेखि नसर्ने रोगमा रोकथाममुखी रणनीति तय गर्नेसम्मका योजना अगाडि सारेको छ। रास्वपाले देशभर आधारभूत स्वास्थ्य क्षेत्रमा न्यूनतम मापदण्ड कायम गरी सेवा प्रवाह गर्न आवश्यक मानव संशाधन, पर्याप्त औषधि आपूर्ति, अत्यावश्यक उपकरण र सहज पहुँच तथा आधारभूत पूर्वाधारको सुनिश्चितासहितको एकीकृत मोडेल तयार गरी लागु गर्ने वाचापत्रमा उल्लेख गरेको छ।

यसैगरी भौगोलिक विकटता र जनसंख्याको घनत्वका आधारमा ग्रामीण र दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पहुँच विशेष प्राथमिकता साथ विस्तार गर्ने वाचा पनि रास्वपाले गरेको छ तर अहिले देशका सबै तहमा लगभग प्राथमिक स्वास्थ्य सेवाको सुनिश्चिता रहेको छ। स्वास्थ्य बिमा कार्यक्रम थप सुदृढ मोडलमा गुणस्तरीय स्वास्थ्य सेवा प्रत्येक नागरिकको पहुँचमा पुयाउने, क्यान्सरलगायतका नसर्ने रोगमा रोकथाममुखी रणनीतिलाई मुख्य लक्ष्य बनाएर काम गर्ने रास्वपाको वाचापत्रमा छ।

प्रत्येक प्रदेशमा कम्तिमा एक अत्याधुनिक अपांगता पुनस्थापना विशिष्टीकृत स्रोत केन्द्र स्थापना गरी सेवा सुनिश्चित गर्ने, जलन पीडितहरूको निःशुल्क र गुणस्तरीय उपचार सुनिश्चित गर्न जलन उपचार कोष स्थापना र विश्वस्तरीय विशेष जलन अस्पताल निर्माण प्रक्रिया सुरु गर्ने योजना पनि उसले अगाडि सारेको छ। यस्तै, मानसिक स्वास्थ्य सेवालाई नागरिकको सहज पहुँचमा पुयाउने योजना रास्वपाको छ।

तर रास्वपाले अघि सारेको स्वास्थ्यका यी विषय भने खासै नयाँ होइनन। किन कि १० वर्ष देखि सञ्चालनमा रहेको सरकारको निकै महत्वाकांक्षी कार्यक्रम स्वास्थ्य बिमालाई सहज र दिगो बनाउने योजना सबै दलको साझा वाचा हो।

तर रास्वपाले आफ्नो वाचापत्रमा अघि सारेको प्रत्येक प्रदेशमा कम्तिमा एक अत्याधुनिक अपांगता पुनर्स्थापना केन्द्र बनाउने विषय भने नयाँ वाचा हो।

नेपाली कम्युनिष्ट पार्टीको चुनावी प्रतिबद्धता स्वास्थ्य बिमादेखि स्वास्थ्यकर्मीको डिउटी आवर मिलाउने विषयसम्म समेटेको छ।

विशेगरी स्थ्य बीमादेखि अस्पतालको डिउटी आवरसम्मका कुरा पुरानै जस्ता देखिएका छन्।

पुराना घोषणापत्रमा जस्तै स्वास्थ्यमा क्षेत्रका गरिएका प्रतिबद्धतामा खासै नवीनता छैन। यद्यपि स्वास्थ्य क्षेत्रको बजेट २०८८ सालसम्म ८ प्रतिशत पुऱ्याउने, स्वास्थ्य बिमाका विषय तथा अस्पताल सेवाको विस्तार जस्ता पुराना विषय समावेश भएको पाइन्छ।स्वास्थ्यकर्मीको सेवा तथा सुरक्षा, रोकथाम प्रधान स्वास्थ्य, मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथाम, पूर्ण डिजिटल स्वास्थ्य प्रणाली, प्रदेशस्तरीय विशिष्टीकृत अस्पताल, औषधि आपूर्ति तथा सुशासन, घुम्ती विशेषज्ञ सेवा लगायतका स्वास्थ्यका विषयलाई समेटेको छ।

यसअघि ०७९ को निर्वाचनमा प्रचण्ड नेतृत्वको प्रत्येक वर्ष पालिकाबाट छात्रवृत्तिमा 'एक डाक्टर, एक स्टाफ नर्स' पढाउने व्यवस्था गर्ने प्रतिबद्धता जनाएको छ।

पढाइ सकेपछि आफ्नो पालिकामा सेवा गर्नुपर्ने शर्तमा हरेक पालिकाबाट वार्षिक कम्तीमा एक डाक्टर, एक स्टाफ नर्स पढ्न सरकारले छात्रवृत्तिको व्यवस्था गर्नेछ। डाक्टर तथा नर्सलाई सरकारी सेवामा आकर्षित गर्न सेवा सुविधामा वृद्धि गरिनेछ', प्रतिबद्धता पत्रमा भनिएको छ, 'साप्ताहिक ४० घन्टाभन्दा बढी अवधि सेवा प्रदान गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीलाई अतिरिक्त सुविधा प्रदान गरिनेछ।'

कुलमान घिसिङ अध्यक्ष रहेको उज्यालो नेपाल पार्टी (उनेपा)ले हरेक नागरिकलाई तोकिएको स्वास्थ्य संस्थामा निःशुल्क उपचार गरिने उल्लेख गरेको छ। यस्तै प्रत्येक वडामा मानसिक परामर्शदाताको सेवा उपलब्ध हुने बताएको छ।

प्रगतिशील लोकतान्त्रिक पार्टीले चुनावी प्रतिबद्धता पत्र सार्वजनिक गरेको छ प्रतिबद्धतामा पत्रमा स्वास्थ्यतर्फको पहिलो प्रतिबद्धतामा सबै नागरिकका लागि आधारभूत स्वास्थ्य सेवा निःशुल्क व्यवस्था गर्ने उल्लेख छ। यसैगरी प्रलोपाले दोस्रो प्रतिबद्धतामा स्वास्थ्य बिमा प्रभावकारी बनाउने र ग्रामीण स्वास्थ्य संरचना विस्तार गर्नेछ। तेस्रो प्रतिबद्धतामा भने मातृ, शिशु, ज्येष्ठ नागरिक, अपांगता र यौनिक तथा लैगिक अल्पसंख्यक नागरिकलाई प्राथमिकता दिने उल्लेख छ।

# चुनावलाई शान्तिपूर्ण बनाउने चुनौती

झापा । २०४६ सालपछिका सबै चुनावमा कोही न कोहीले ज्यान गुमाइरहेका छन्। त्यसैले यसपालिको निर्वाचनमा राज्य सतर्क र मतदाता सजग हुन जरुरी छ २०६२ चैतदेखि २०६३ वैशाखसम्म प्रमुख राजनीतिक दलहरूको आह्वानमा नेकपा माओवादी समेतको समर्थनबाट चलेको १९ दिने जनआन्दोलनमार्फत साढे दुई सय वर्ष पुरानो राजसंस्था हटाइयो। सात दल र माओवादी सहित मिलेर अन्तरिम संविधान-२०६३ घोषणा भयो, जसको जगमा टेकेर नेपालमा पहिलो पटक संविधान सभाबाट संविधान लेख्न निर्वाचनको मिति तय गरियो। तर, १० वर्षे सशस्त्र संघर्षबाट शान्तिपूर्ण राजनीतिमा आएको माओवादी सम्मिलित निर्वाचन शान्तिपूर्ण सम्पन्न गर्न निकै ठूलो चुनौती थियो। माओवादीको आफ्नै हातहतियार र साथमा लडाकु दस्ता 'योङ कम्युनिष्ट लिग' (वाइसीएल) थियो यता एमालेले वाईसीएलसँग प्रतिरोध गर्न लडाकु दस्ता 'युथ फोर्स' बनाएको थियो जसको प्रमुख थिए, महेश बस्नेत। तराई मधेशमा स-साना हतियारधारी समूहहरू सक्रिय थिए। यिनै कारण २०६४ साल जेठमा संविधान सभाको निर्वाचन गर्ने भनिए पनि तोकिएको मितिमा चुनाव हुन सकेन र, दोस्रो पटक २०६४ मंसिरमा लागि चुनावी मिति तोकियो। राजनीतिक अविश्वास, खिचातानी र अस्थिरताका कारण मंसिरमा पनि चुनाव हुन सकेन।

तेस्रो पटकको प्रयासमा २०६४ चैत २८ मा संविधान सभा निर्वाचन सम्पन्न भयो। निर्वाचन शान्तिपूर्ण हुन सकेन, १९ जनाको ज्यान गयो। मारिनेमा नेता, कार्यकर्ता र सर्वसाधारण थिए। सशस्त्र कम्युनिष्ट पार्टीलाई शान्ति प्रक्रियामा ल्याइएको संविधान सभा निर्वाचन भएकोले नेपालप्रति विश्वकै ध्यान केन्द्रित थियो। पर्यवेक्षण गर्न अमेरिकाका पूर्वराष्ट्रपति जिमी कार्टरको संस्था कार्टर सेन्टर लगायतका संस्था थिए, ती सबैले निर्वाचन शान्तिपूर्ण सम्पन्न भएको प्रतिवेदन सार्वजनिक गरे। जबकि, सेन्टरले सार्वजनिक गरेको प्रतिवेदनमा निर्वाचन सम्बन्धी हिंसामा ५० जनाको ज्यान गएको उल्लेख गरेको छ भने १,२८६ जना घाइते र ११६ जना अपहरणमा परेको लेखिएको छ।

अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण टोली मात्र नभई नेपालकै राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन पढ्दा पनि १९ जनाको हत्यालाई महत्वपूर्ण ठानेको देखिएन। आयोगले गरेको चुनाव अनुगमन प्रतिवेदनको निचोड छ, 'आयोगद्वारा तीन चरणमा गरिएको अनुगमनको तथ्यलाई हेर्दा निर्वाचन अपेक्षाकृत शान्तिपूर्ण रूपमा सम्पन्न भएको पाइन्छ। देशका विभिन्न स्थानमा निर्वाचनपूर्व भएका कुटपिट, झडप, हत्या जस्ता घटनाहरूले शान्तिपूर्ण रूपमा भेला हुने तथा सभा सम्मेलन गर्न पाउने स्वतन्त्रताको उपभोगमा अवरोध पुगेको देखिन्छ।'

यसरी गरिएको निर्वाचनबाट छानिएका ६०१ सदस्यीय संविधान सभाले संविधान लेख्न सकेन। २०६९ जेठ १४ गते तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईद्वारा संविधान सभा विघटन गरियो।

प्रधान न्यायाधीश खिलराज रेग्मीलाई मन्त्री परिषद्को अध्यक्ष बनाइयो। उनको नेतृत्वमा दोस्रो संविधान सभाको निर्वाचन २०७० मंसिर ४ गते तय गरियो। ६ वर्षको समय त्यतिकै खर्च भयो। यस निर्वाचनको प्रचारप्रसार क्रममा दलका नेता, कार्यकर्ता र समर्थकहरूबीच भएका झडप, तोडफोड, निर्वाचन बहिष्कार गर्ने समूहले गेका बम विष्फोटन, आगजनी, तोडफोड जस्ता गैरकानूनी कार्यले अघिल्लो निर्वाचनमा जस्तै निरन्तरता पायो। वैद्य नेतृत्वको नेकपा-माओवादी लगायतका ३३ दलीय मोर्चा संविधान सभाको निर्वाचन प्रक्रियाबाहिर रहेका कारण चुनावी हिंसा बढ्यो। तर, पहिलो संविधान सभा निर्वाचनको तुलनामा दोस्रोमा ज्यान गुमाउनेहरूको संख्या कम थियो। यस निर्वाचनको क्रममा बाराको निर्वाचन क्षेत्र-४ का नेकपा एमालेका प्रत्यक्षतर्फका उम्मेदवार मोहम्मद आलमको हत्या भयो।

दोस्रो संविधान सभाबाट संविधान लेखियो। २०७२ असोज ३ गते संविधान घोषणा भएपछि २०७४ सालमा प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचन भयो। प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचन १० र २१ मंसिर गरी दुई चरणमा गरियो। यही वर्ष स्थानीय तहका लागि तीन चरणमा चुनाव भयो। २०७४ वैशाख ३१, असार १४ र असोज २ गते गरी तीन चरणमा सम्पन्न यो चुनाव नेकपा विप्लव समूहले बहिष्कार गरेको थियो।

तीन तहका लागि भएको यस निर्वाचनमा ५ जनाको ज्यान गयो। २०७४ मंसिर १२ गते नेपाली काँग्रेसको चुनावी सभालाई सम्बोधन गर्न दाङ, तुल्सीपुर पुगेका प्रधानमन्त्री शेरबहादुर देउवालाई लक्षित गरी बम विस्फोट गराईदा ८ जना घाइते भए। घाइते म्यादी प्रहरी विनोद चौधरीको मंसिर १३ गते कोहलपुर मेडिकल कलेजमा ज्यान गयो।

२०७९ मा भएको तीन तहको चुनाव पनि हिंसा रहित हुन सकेन। यस चुनावी क्रममा तीन जनाको ज्यान गयो। प्रतिनिधिसभाको निर्वाचनमा बाजुरा जिल्ला, त्रिवेणी नगरपालिकामा मतदानको दिन एमाले-कांग्रेस समर्थकबीच झगड हुँदा प्रहरीको गोली लागेर स्थानीय सज्जीव अयडी मारिएपछि यस घटनाले उग्र रूप लियो। आक्रोशित कांग्रेस कार्यकर्तले विद्यार्थी नेता चेतन अयडीलाई कुटपिट गर्दै हत्या गरे। यो विषय अहिले अदालतमा विचाराधीन छ।

स्थानीय तहको निर्वाचनमा उदयपुर जिल्ला, कटारी नगरपालिकामा नवीन भनिने वीरबहादुर कटुवाल प्रहरीको गोली लागेर उनको घटनास्थलमै मृत्यु भयो। मतपेटिका 'शील' गर्ने क्रममा निषेधित क्षेत्रर्फ स्थानीयको भिड बढेपछि प्रहरीले सुरक्षाका लागि गोली चलाउँदा कटुवालको ज्यान गयो।

२०१५ सालमा भएको पहिलो प्रतिनिधिसभा निर्वाचन फागुन ७ मा शुरू भई चैत २१ गते सम्पन्न भएको थियो। देशभरि १०९ निर्वाचन क्षेत्र थिए। ९ वटा दल सहभागी यस चुनावमा कसैले ज्यान गुमाउनु परेन। यस निर्वाचनमा नेपाली काँग्रेसले दुई तिहाई सीट जितेर २०१६ जेठ १३ गते सरकार बनायो। तर, राजा महेन्द्रले २०१७ पुस १ गते 'कू-देता' गरेपछि विश्वेश्वरप्रसाद कोइराला नेतृत्वको सरकार १८ महीनामै ढल्यो।

चुनाव अवधिको एक महीनाको समाचार विश्लेषण गर्दा २०४८ वैशाख २९ गते भएको संसदीय निर्वाचनमा ६ जनाको ज्यान गएको तथ्यांक छ। २०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्रको पुनर्स्थापनापछि २०५ निर्वाचन क्षेत्रका निम्ति निर्वाचन भएको थियो, जुन चुनावमा १८ वटा राजनीतिक दल सहभागी थिए। यस निर्वाचनमा संयुक्त जनमोर्चाले ९ सीट जितेको थियो। आन्तरिक द्वन्द्वका कारण २०५१ असार २६ गते काँग्रेसको बहुमतको सरकार ढलेपछि सोही वर्ष कात्तिक २९ गते मध्यावधि निर्वाचन गरियो।

उक्त निर्वाचनमा कुनै पनि राजनीतिक दलले बहुमत प्राप्त गर्न सकेन। यद्यपि, नेकपा एमाले ८८ सीट सहित सबैभन्दा ठूलो दलको रूपमा उदायो। यो चुनाव पनि हिंसा रहित हुन सकेन, १ जनाले ज्यान गुमाए। इलामको साविकको पञ्चकन्या गाविस अध्यक्ष अशोक श्रेष्ठको हत्या भएको थियो। उनी नेपाली काँग्रेसका स्थानीय नेता थिए।

हङ पार्लियामेन्ट भएकोले पहिलो पटक एमाले अध्यक्ष मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको सरकार गठन भयो। नौ महीनामा उक्त सरकार ढलेपछि २०५२ भदौमा काँग्रेस संसदीय दलका नेता शेरबहादुर देउवाको नेतृत्वमा ५० सदस्यीय जम्बो मन्त्री परिषद् गठन हुन पुग्यो। त्यसको केही महीनापछि संयुक्त जनमोर्चाका संयोजक बाबुराम भट्टराईले प्रधानमन्त्री देउवालाई ४० बुँदे माग बुझाए र माग पूरा नगरिए सशस्त्र संघर्ष गर्ने भन्दै माहौल तताए। सोही वर्ष फागुन १ गतेबाट नेकपा माओवादीले 'जनयुद्ध' थाल्यो।

'जनयुद्ध'का कारण हत्या हिंसा देशैभरि फैलियो। माओवादी हिंसा उत्कर्षमा रहेकै बखत २०५६ वैशाख २० र जेठ ३ गते दुई चरण गरी आम निर्वाचन सम्पन्न भयो। २०५ सीटका लागि भएको यस चुनावमा ९ जनाको ज्यान गयो।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को अभिलेखलाई आधार मानेर विश्लेषण गर्दा चुनाव हुने वर्ष सबैभन्दा धेरै मानव अधिकार उल्लंघन भएको देखिन्छ। इन्सेकले हत्या, घाइते, अपहरण, धम्की, यातना, गिरफ्तारी, कुटपिट, बालअधिकार, हिरासत वा थुनामा मृत्यु, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, अमानवीय व्यवहार, जातीय विभेद, अभिव्यक्ति, भेला तथा संगठित हुने अधिकार, महिला अधिकार लगायतलाई मानव अधिकार उल्लंघन र ज्यादती मानेको छ।

पहिलो संविधान सभाको निर्वाचन अवधिमा ४ हजार ६७७ वटा मानव अधिकार उल्लंघनका घटना भए। दोस्रो संविधान सभा निर्वाचन अवधिमा मानव अधिकार उल्लंघनका ५ हजार ३३५ वटा घटना भए, जबकि निर्वाचनभन्दा अघिल्लो वर्ष अर्थात् २०६९ सालमा मानव अधिकार उल्लंघनका ३ हजार ५२१ वटा घटना रहेको थियो।

२०७४ मा ६ हजार ५९ वटा मानव अधिकार उल्लंघनका घटना भए। त्यसको एक वर्ष अर्थात् चुनावको अघिल्लो वर्ष ४ हजार ५०२ वटा घटना भएका थिए। २०७८ सालमा ५ हजार ५४३ वटा मानव अधिकार हननका घटना भएका थिए भने त्यसको एक वर्षपछि दुई चरणमा भएको तीन तहको निर्वाचनमा १३ हजार ६६१ वटा मानव अधिकार हननका घटना भएको देखिन्छ।

चुनावको अनुगमन विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले गर्ने गरेका छन्। राष्ट्रिय मानव अधिकार आयोगले देशैभरि भएका मानव अधिकार उल्लंघनका घटनामा अध्ययन अनुसन्धान गरेर सरकारलाई सिफारिश गर्ने गरेको छ। २०६४ सालयता हरेक चुनावको अध्ययन प्रतिवेदन निकाल्ने गरेको छ। आयोगले हरेक निर्वाचन शान्तिपूर्ण भएको प्रतिवेदन सार्वजनिक गर्दै आएको छ।

पहिलो संविधान सभामा १९ जना र दोस्रो संविधान सभा निर्वाचनका क्रममा एक जनाले ज्यान गुमाएको भए पनि मानव अधिकार आयोगले पहिलो संविधान सभाको निचोड जस्तै यसमा पनि निर्वाचन शान्तिपूर्ण भएको उल्लेख गरेको छ। अनुगमन प्रतिवेदनमा लेखिएको छ, 'राजनीतिक दलहरूको उच्च इच्छा, सरकारको उच्च प्रतिबद्धता, निर्वाचन आयोगको सक्रियता तथा नेपाली जनताको धीरताको परिणामस्वरूप २०७० मंसिर ४ गते संविधान सभा सदस्यको निर्वाचन अनपेक्षित रूपमा शान्तिपूर्ण तवरबाट सम्पन्न भएको पाइयो।'

२०७४ मा सम्पन्न तीन-तीन तहको निर्वाचनका क्रममा पाँच जनाले ज्यान गुमाए। मानव अधिकार आयोगले भनेको छ, 'प्रतिनिधिसभा तथा प्रदेश सभा सदस्य निर्वाचन-२०७४ औसतमा शान्तिपूर्ण रूपमा सम्पन्न भएको पाइएको छ।' स्थानीय तहको निर्वाचन २०७४ को प्रतिवेदनमा पनि भनिएको छ, 'आयोगले गरेको अनुगमनबाट प्राप्त तथ्य अनुसार स्थानीय तह निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको पाइएको छ।'

हरेक चुनावमा मानव अधिकार उल्लंघनका घटना भइरहे पनि आयोगले किन शान्तिपूर्ण सम्पन्न भयो भन्दै प्रतिवेदन निकाल्छ भनी राष्ट्रिय मानव अधिकार आयोगका प्रवक्ता टीकाराम पोखरेललाई सोधेका थियौं। पोखरेल भन्छन्, 'हामीले निकाल्ने अनुगमन प्रतिवेदन चुनाव हुने दिनको मात्र हो। हिंसात्मक घटना विशेषको हामीले विज्ञप्ति निकाल्दै आएका छौं।'

आयोगका पूर्वसदस्य तथा अधिकारकर्मी सुशील प्याकुरेलका अनुसार, २०५१ सालयता चुनावी हिंसा बढेको देखिन्छ। चुनावमा हुने हिंसाको न्याय निरूपण हुन नसक्दा पनि यो बढिरहेको उनको बुझाइ छ 'चुनावमा हिंसा गर्नेलाई कानूनको कठघरामा ल्याइएको छैन। परिणामस्वरूप यो क्रम बढेको बढ्यै छ,' उनले भने।

अहिलेसम्मको चुनावी विश्लेषण गर्दा २१ फागुनमा हुने चुनाव पनि शान्तिपूर्ण नहुने संकेत देखिन्छ। ८ गते रौतहटमा भएको हिन्दू-मुस्लिमबीचको दंगाले निर्वाचनमा निकै सतर्क रहनुपर्ने देखाउँछ।

नेपाली सेनाको नेतृत्वमा भइरहेको यस निर्वाचनमा भदौ २३ र २४ को घटनाले प्रभाव पार्ने हुनाले राज्य सतर्क र मतदाता सजग हुनुपर्नेछ।

नवयुवाले गरेको आन्दोलनपछि देशमा कानून विनाको अवस्था सिर्जना भयो। सुरक्षा व्यवस्था सम्हाल्ने नेपाल प्रहरीको मनोबल अझै उच्च भइसकेको छैन। निर्वाचनमा नेपाली सेनाले जनतासँग हातेमालो गरेर काम गरेको अनुभव छैन। त्यसैले सम्भावित दुर्घटना नियन्त्रण गर्न उसले बल प्रयोग गर्नुपर्ने अवस्था आयो भने मानवीय क्षति हुन पनि सक्छ। जेन-जी प्रदर्शनका क्रममा कारागारबाट बाहिर निस्केका कैदीबन्दीहरू सबै पक्राउ परिसकेका छैनन्। प्रहरीका लुटिएका हातहतियार फिर्ता भएका छैनन्। उम्मेदवारहरूबीच चलिरहेको वाकयुद्धले कार्यकर्ताबीच झडप हुने सम्भावना छ। सामाजिक सञ्जालमा हुने मिथ्या सूचनाले पनि चुनावलाई हिंसातिर लैजान सक्छ।

पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल पैसा र सामाजिक सञ्जालले चुनावलाई हिंसातिर लैजान सक्ने बताउँछन्। उनी भन्छन्, 'चुनावी हिंसा पहिला भौतिक रूपमा मात्रै हुन्थ्यो अब सामाजिक सञ्जाल मार्फत अनलाइन हिंसा भइरहेको छ।'

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराई विगतका चुनावी हिंसाको विश्लेषण गर्दै तयारी भइरहेको बताउँछन्। भएका स्रोत-साधन प्रयोग गरेर हिंसालाई कम गराउने प्रयास हुने उनको भनाइ छ। उनी भन्छन्, 'शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गर्नेबारे आयोगले राजनीतिक दलहरूसँग पटक पटक छलफल गरेको छ।'

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामीलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोविन्द घिमिरे : ९८१५५०१५०

उर्लाबारी
रुपेन्द्र शर्मा : ९८४२०९२४०६
विराटनगर
क्रियटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बु
९८१६९८४७५७

काँकरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ। स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ। लगनशीलताले विभिन्न अवसर दिलाउनेछ।

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आकस्मिक धन लाभ हुनेछ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ। तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ।

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला। कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन्।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ।